# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

## गणक तथा सुपरिवेक्षक करारमा पदपूर्तिको लागि दरखास्त आव्हानको सूचना
**मितिः २०७८/०९/१४**

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम यस आ.व २०७८/०७९ मा सन्चालन गर्न "गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५" मा व्यवस्था भए बमोजिम यस कुश्मा नगरपालिकामा तपशिल बमोजिमका पदहरु ५ (पाँच) महिनाका लागि तथ्यांक संकलन गर्न सेवा करारमा छनौट गर्नुपर्ने भएकाले १८ वर्ष उमेर पूरा भै ४० वर्ष ननाघेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रित पूर्वकको आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलः</u>

| क्र.सं. | विज्ञापन नं. | पद | माग पदसंख्या | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०७८/०७९ | सुपरिवेक्षक | १ | ५०० | |
| २ | ०२/२०७८/०७९ | गणक | ९ | ४०० | |

**आवश्यक न्युनतम शैक्षिक योग्यताः**

**सुपरिवेक्षकको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट तयाङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

**गणकको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
**परीक्षाको किसिमः** छोटो सूची, लिखित परिक्षा र अन्तवार्ता ।

**दरखास्त फारम साथ पेश गर्नुपर्ने कागजातहरुः (देहाय बमोजिमका प्रतिलिपिहरु आवेदक स्वयंले प्रमाणित गर्नुपर्नेछ)**

- नेपाली नागरिकताको प्रतिलिपि
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु
- कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान हासिल गरेको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी बसोवास वा बसाईसराई वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी
- कार्य अनुभव प्रमाणपत्रको प्रतिलिपी
- **दरखास्त दिने अन्तिम मितिः** २०७८/०९/२८ गते कार्यालय समय भित्र
- **कार्य गर्नुपर्ने स्थान:** कुश्मा नगरपालिकाका १४ वटै वडा
- **दरखास्त फारमः** यस कुश्मा नगरपालिका को कार्यालय वा वेभसाइटः www.kushmamun.gov.np बाट प्राप्त गर्न सकिनेछ
- **परिक्षा मितिः** पछि तोकिने छ ।
- **सेवा सुविधाः** सुपरिवेक्षकलाई निजामती सेवाको राजपत्र अनंकित प्रथम श्रेणी सरह र गणकलाई राजपत्र अनंकित द्वितीय श्रेणी सरहको मासिक तलबको शुरु स्केल बराबरको पारिश्रमिक तथा अन्य सुविधाको हकमा करार सम्झौतामा तोके बमोजिम ।
- **सेवा करार अवधिः** नियुक्ति भएको मितिले बढिमा ५(पाँच) महिना ।
- **छनोट तथा सुचिकरण सम्बन्धि प्रक्रिया कुश्मा नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७६ अनुसार हुनेछ । उक्त कार्यविधि नगरपालिकाको वेभसाइटमा गएर हेर्न र पढ्न सकिनेछ ।**
- **थप जानकारीका लागि सम्पर्क नं. ०६७-४२०१४१, वेभसाइटः** www.kushmamun.gov.np

....................................
प्रमुख प्रशासकीय अधिकृत